आज मिति २०७७/१२/३ गते मंगलबार अपरान्ह ५:३० बजे बसेको जिल्ला जनगणना समन्वय समितिको पहिलो बैठक समितिका अध्यक्ष श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङज्यूको अध्यक्षतामा बसेको बैठकमा समितिका तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा निम्न विषयहरुमा छलफल र निर्णय गरियो ।

उपस्थिति

| क.सं. | दर्जा | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री हेमराज तामाङ | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय |
| २. | सदस्य | श्री सुरेश साह | नि.जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति |
| ३. | सदस्य | श्री सन्तोषसिंह राठौर | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय |
| ४. | सदस्य | श्री दामोदर पौडेल | प्रमुख कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| ५. | सदस्य | श्री रामआधार कुशवाहा | नि. शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई |
| ६. | सदस्य | श्री रामलाल सहनी | शाखा अधिकृत | मलंगवा नगरपालिका |
| ७. | आ.विषय विज्ञ | श्री भूमिश्वर पोखरेल | सहायक प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय |
| ८. | आ.विषय विज्ञ | बिष्णु कुमारी तामाङ | | जिल्ला प्रशासन कार्यालय |
| ९. | आ.विषय विज्ञ | मोहन लाल महतो | | जि.नि. कार्यालय मलंगवा |
| १०. | सदस्य सचिव | श्री राजु पोखरेल | जिल्ला जनगणना अधिकारी | जिल्ला जनगणना कार्यालय |

Scanned with CamScanner

छलफलका विषयहरु:

१. जिल्ला जनगणना कार्यालय स्थापना सम्वन्धमा ।

२. जिल्ला जनगणना कार्यालयको लागि घर भाडा लिने सम्वन्धमा ।

३. जिल्ला तथा स्थानीय जनगणना कार्यालयका लागि आवश्यक जनशक्ति व्यवस्थापन सम्वन्धमा ।

निर्णयहरु :

१. जिल्लाभित्र सञ्चालन गरिने जनगणना कार्य एक निश्चित ४ (चार) महिने छोटो अवधि अर्थात मिति २०७७ चैत्र १ गतेदेखि २०७८ असार मसान्तसम्म र यसका लागि स्थापना गरिने कार्यालय समेत छोटो अवधिको Field oriented office भएको हुँदा जिल्ला जनगणना कार्यालय, सर्लाहीको सदरमुकाम मलंगवामा स्थापना गर्ने र मिति २०७८ वैशाख १ गतेदेखि २०७८ असार मसान्तसम्म ३ (तीन) महिनाको लागि स्थापना हुने स्थानीय जनगणना कार्यालयहरु जिल्लाभित्र तोकिएका स्थानीय तहहरु (मलंगवा नगरपालिका, कविलासी नगरपालिका, गोडैता नगरपालिका, इश्वरपुर नगरपालिका, लालवन्दी नगरपालिका र बरहथवा नगरपालिका) भित्र पायक पर्ने स्थानमा स्थापना गर्न उपयुक्त स्थान र भवनको पहिचान गर्ने निर्णय गरियो

२. जिल्ला जनगणना कार्यालय स्थापनार्थ गणना सामग्रीहरु सुरक्षित भण्डारण गर्न, कार्यालय प्रयोजनको लागि आवश्यक कोठाहरु र जनगणना अधिकारी लगायतका कर्मचारीहरुको वस्ने प्रवन्ध सहितको भवन आवश्यकतानुसार नभएको हुँदा प्रचलित वजार दररेट वमोजिम विनियोजित वजेटको सीमाभित्र रही निश्चित मापदण्ड पूरा गरी जिल्ला जनगणना कार्यालय तथा स्थानीय जनगणना कार्यालयको लागि घर भाडामा लिन सम्वन्धित जिल्ला जनगणना अधिकारीले लिन सक्ने गरी जिम्मा दिने निर्णय गरियो ।

३. जिल्ला जनगणना अधिकारीले जिल्ला जनगणना कार्यालय र स्थानीय जनगणना कार्यालयका लागि स्वीकृत दरवन्दी अनुसार विभिन्न सरकारी निकायहरुवाट कर्मचारीहरु काजमा ल्याई व्यवस्थापन गर्ने र आवश्यकतानुसार जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिले सो सम्वन्धमा आवश्यक समन्वय/सहजिकरण गर्ने निर्णय गरियो ।

४. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. २७७७ मिति २०७७/१२/०२ को पत्रवाट आगामी जनगणना २०७८ को लागि जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालय ले गणक, सुपरिवेक्षक कर्मचारी र गणना सामग्रीको सुरक्षा प्रवन्ध गर्ने भनी लेखी आएकोले सोही वमोजिम जिल्ला जनगणना कार्यालय र अधिकारीसँगको समन्वयमा सुरक्षाको भरपर्दो र वलियो गर्ने निर्णय गरियो ।

Scanned with CamScanner